# नेपाल रेडक्रस सोसाइटी

## केन्द्रीय कार्यालय, काठमाडौं

# आवश्यकता

**प्रथमपटक प्रकाशित मिति : २०८०/८/५ गते**

नेपाल रेडक्रस सोसाइटी, केन्द्रीय कार्यालय, विपद् व्यवस्थापन विभागअन्तर्गत (Emergency Operation Centre) मा रही काम गर्ने गरी करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले तोकिएको योग्यता र अनुभव पुगेका इच्छुक नेपाली नागरिकहरूबाट आफूले प्राप्त गरेका शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, आफ्नो व्यक्तिगत विवरण (Curriculum Vitae) र निवेदन संलग्न गरी आवेदन दिने पद स्पष्ट खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सोसाइटीको vacancy@nrcs.org मा आवेदन पठाउन हुन सूचित गरिन्छ । म्याद नाघी आएको आवेदनउपर कुनै कारबाही हुने छैन । प्राप्त आवेदनहरूको सूची संक्षेपीकरण (Short Listing) गरिनेछ । सूची संक्षेपीकरणबाट छनौट भएका आवेदकहरूले संस्थाले तोकेको ढाँचाको दरखास्त फारम भरेर तोकिएको दस्तुर बुझाउनु पर्नेछ । यसरी दरखास्त बुझाएका आवेदकहरूको अन्तर्वार्ता र आवश्यकताअनुसार प्रयोगात्मक परीक्षा हुने जानकारी आवेदकलाई पछि उपलब्ध गराइनेछ । आवश्यक पदको कार्यविवरण (Job Description) सोसाइटीको वेवसाइटमा http://www.nrcs.org मा हेर्न सकिनेछ । तलब भत्ता तथा अन्य सेवा, शर्त र सुविधाहरू नेपाल रेडक्रस सोसाइटीको प्रचलित नियमानुसार हुनेछ ।

**१. विज्ञापन नं. १/२०८०/०८१**

| | |
|---|---|
| **पद/तह/संख्या** | Information Management Officer/अधिकृत-६/संख्या : १ |
| **प्रकृति** | करार |
| **अवधि** | सुरुमा ६ महिना । त्यसपछि आवश्यकताअनुसार अवधि थप हुन सक्ने । |
| **परीक्षा विवरण/दस्तुर** | अन्तर्वार्ता (आवश्यकताअनुसार प्रयोगात्मक परीक्षा)/ रु.५००।- |
| **उमेर** | २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको । |
| **न्यूनतम शैक्षिक योग्यता** | मान्यता प्राप्त शैक्षिक संस्थाबाट Information Management/IT/Computing मा स्नातक वा सो सरह उत्तीर्ण । |
| **अनुभव** | Data Management & Information Management जस्ता कार्यमा न्यूनतम १ देखि ३ वर्षको अनुभव भएको । |
| **वाञ्छनीय योग्यता** | कम्प्युटरसम्बन्धी ज्ञान, IM/IT को ज्ञान, परियोजना प्रस्ताव, प्रतिवेदनहरू लेखनमा सहयोग गर्न सक्ने, दातृ संस्थाहरूसँग सम्पर्क र समन्वय गर्न सक्ने, बन्दोबस्ती योजना बनाउन/प्रतिवेदन गर्न सक्ने, सीप हस्तान्तरण गर्न सक्ने । |
| **कार्यस्थल** | नेरेसो केन्द्रीय कार्यालय र आवश्यकतानुसार फिल्ड कार्यालयहरू । |